# महान्यायाधिवक्ताको कार्यालय नेपाल

## फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदलको

### <u>सुझाव संकलन तथा अध्ययन प्रतिवेदन पेस गर्ने सम्बन्धी सूचना</u>

**<u>मिति:२०८०/१२/२७</u>**

फौजदारी कानून र फौजदारी न्याय प्रशासन सम्बन्धी समग्र कानूनहरुको कार्यान्वयनको अवस्था तथा अपराध अनुसन्धान र अभियोजनको अवस्था र प्रभावकारिताको अध्ययन तथा अनुसन्धान गरी सुधारका विषयमा नेपाल सरकारलाई सुझाव दिन हेतुले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१०।१८ गतेको निर्णयानुसार माननिय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा सरोकारवाला अन्य निकायहरुको प्रतिनिधित्व रहने गरी गठित ९ सदस्यीय कार्यदल गठन भएको छ । उक्त कार्यदलले सुझाव संकलनमा जनसहभागिता तथा पहुँच बढाउनको लागि इमेल माध्यमबाट फौजदारी न्याय प्रशासनमा गरिनुपर्ने कानूनी तथा संस्थागत सुधारको सम्बन्धमा आधार कारण सहित बुँदागत सुझाव वा संघ संस्था तथा कानून अध्यापन गराउने क्लेजहरुमा यस विषयसँग सम्बन्धित कुनै अध्ययन अनुसन्धान गरिएको प्रतिवेदन रहेको भए समितिको अध्ययनार्थ देहायको इमेलमा सम्प्रेषण गर्नु हुन आदेशानुसार अनुरोध छ ।

**सुझाव पठाउने इमेल ठेगाना: feedback@ag.gov.np** **सुझाव पठाउने अन्तिम मिति: २०८१/०१/१५**

नोट: कार्यादलको कार्यादेश तथा कार्यदलको सदस्य सम्बन्धी जानकारी अनुसूचीमा दिइएको छ ।

सदस्य-सचिव,
फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदल,
महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ,काठमाँडौं

## अनुसूची-१

**कार्यदलको कार्यादेशः**

- मुलुकी अपराध संहिता लगायत फौजदारी कार्यबिधि कानून र सजाय निर्धारण कानूनमा रहेका कमी तथा कार्यान्वयनमा देखिएका कठिनाई र समस्या पहिचान गर्ने,
- मुलुकी अपराध संहिता र अन्य विशेष कानूनमा देखिएको दोहोरापना तथा Overlapping कोपहिचान गरी दण्ड सजाय तथा जरिबाना लगायतका विषयमा एकरुपता तथा सामन्जस्यता कायम गर्न गरिनुपर्ने कानूनी सुधारका उपाय पहिचान गर्ने,
- फौजदारी कानूनसँग सम्बन्धित अन्य विशेष कानूनहरुमा पुनरावलोकन गरी सुधारका उपाय सुझाउने,
- फौजदारी कार्यबिधि कानून तथा फौजदारी न्याय प्रशासन सम्बन्धी कानून तथा यसको कार्यान्वयनमा सम्बद्ध संरचनाहरुमा गर्नुपर्ने सुधारका लागि सुझाव दिने,
- कसूरको अनुसन्धान तथा अभियोजन र न्यायिक प्रक्रिया लगायत विद्यमान कार्यबिधि कानूनको सम्बन्धमा पुनरावलोकन गरी सुझाव प्रस्तुत गर्ने,
- दण्ड नीतिको पुनरावलोकन तथा दण्डका सुधारात्मक उपायहरुको कार्यान्वयनका लागि गरिनुपर्ने तयारी तथा संस्थागत प्रबन्धका बारेमा सुझाव दिने,

## अनुसूची-२

**कार्यदलको गठनः**

माननीय महान्यायाधिवक्ताको संयोजकत्वमा देहाय बमोजिमका प्रतिनिधिहरुलाई देहायको भूमिका जिम्मेवारी सहितको ९ सदस्यीय कार्यदल गठन गरिएको छः

| **क्र.स.** | **पद** | **कार्यालय** | **जिम्मेवारी** |
|---|---|---|---|
| १. | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | संयोजक |
| २. | सचिव | कानून न्याय तथा संसदीय मामिला , मन्त्रालय | सदस्य |
| ३. | सचिव (कानून) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४. | रजिष्ट्रार | सर्वोच्च अदालत | सदस्य |
| ५. | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| ६. | फौजदारी न्याय तथा पीडितशास्त्र सम्बन्धमा अध्यापन वा अनुसन्धान गर्ने प्राध्यापक वा विज्ञ | प्रधानमन्त्रीले तोकेको | सदस्य |
| ७. | प्रहरी अतिरिक्त महानिरिक्षक | नेपाल प्रहरी | सदस्य |
| ८. | वरिष्ठ अधिवक्ता /अधिवक्ता | नेपाल बार एशोसिएशन | सदस्य |
| ९. | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सदस्य सचिव |